# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन १ गते २०१८ साल


**श्री ५ को सरकार**

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ र प्राइभेट फर्म रजिष्ट्रेशन दस्तूर नियम २०१५ (समय समयमा भएका संशोधनहरू सहित) बमोजिम ऐन प्रारंभ हुनुभन्दा अघि रजिष्टर्ड भइराखेका सबै प्राइभेट फर्महरूले यो ऐन प्रारंभ भएको साल २०१४ देखि २०१८ साल सम्मको र ऐन प्रारम्भ भएपछि २०१७ साल चैत्र मसान्तसम्ममा रजिष्टर्ड भैराखेको प्राइभेट फर्महरूले जुन सालमा रजिष्टर्ड गराएको हो सो साल पछिदेखि २०१८ सालसम्मको प्रत्येक सालको माथि उल्लिखित नियम बमोजिम एक लाखसम्म पूंजी भएका प्राइभेट फर्मले ने. रू. १०। रुपैयां र सोभन्दा बढी पूंजी भएका प्राइभेट फर्महरूले ने. रू. २५। पच्चीस रुपैयांका दरले प्रत्येक सालको रिन्यूएल दस्तूर एक मुष्ट श्री ५ को सरकारको सर्व–सञ्चित कोषमा जम्मा हुने गरी नेपाल राष्ट्र बैंकमा जम्मागरी सो जम्मा गरेको सक्कल भाउचर र पहिले पाएको सक्कल प्रमाणपत्रसमेत साथमा राखी निम्नलिखित ढांचाको दरखास्त फाराम भरी यो सूचना प्रकाश भएको ३५ दिनभित्र वाणिज्य सम्बन्धी का, प्रा, फर्महरूले वाणिज्य विभागमा र उद्योग सम्बन्धी का. प्रा. फर्महरूले उद्योग विभागमा दरखास्त गर्नुहुन काठमाडौं उपत्यका का उद्योग वाणिज्य सम्बन्धी सबै प्राइभेट फर्महरूलाई सूचना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको छ। सबै औद्योगिक र व्यापारिक प्राइभेट फर्महरूले माथि लेखिए बमोजिम रीत पुऱ्याई लेखिए बमोजिमको म्यादभित्र सम्बन्धित विभागमा दरखास्त गर्नुहोला। सो लेखिए बमोजिम नगरे ऐन नियम बमोजिम हुनेछ।

पहाड, तराई, जिल्लाका प्राइभेट फर्महरूको लेखिए बमोजिम रिन्यूएल गर्ने बारे इलाका गढी गौंडा गोस्वारा, का बडाहाकिमहरूले नै गर्ने गराउने व्यवस्था भै गएको हुनाले जिल्लाकाले आफ्ना इलाका गढी, गौंडा, गोस्वारामा नै रीत पूर्वकको दरखास्त दिई आफ्नो फर्म रिन्यू गराई लिनु हुन पनि सूचित गरिएको छ।

दरखास्त फारामको ढाँचा

श्रीमान डाइरेक्टर,

श्री ५ को सरकार उ. वा मन्त्रालय

उद्योग वाणिज्य विभाग,

महोदय,

तपसीलमा लेखिए बमोजिमको व्यापार वा कल कारखानाको काम गर्ने गरी निम्न लेखिए बमोजिमको प्राइभेट फर्म मेरो / हाम्रो नाममा विभागमा मिति मा–रजिष्टर्ड भएको नं. को प्रमाणपत्र अनुसार उक्त फर्म रिन्यू गरिपाऊं। उक्त लेखिएको बेहोरा झुट्ठा ठहरे ऐन सवाल बमोजिम सहुंला बुझाउंला।'

तपसील

१. फर्मको पूरा नाम,

२. ऐ. को पूरा ठेगाना,

३. उद्देश्य,

४. पूंजी,

५, कारोवार गर्ने चीज वस्तु तथा कामको विवरण,

६. धनी वा साजेदारहरूको तीन पुस्ते नाम थर वतन हिस्साको अंक:–

यो फर्मको काममा नोक्सानी भएका घै घरानाबाट बेहोर्न राजी हुनेहरू:–

दरखास्तवाला (दरखास्तवालाहरू)

लेखात्मक रेखात्मक (दुवै औंठाको) सहिछाप

साक्षी,

दरखास्तवालाको माथि लेखिए बमोजिम नाम थर वतन ठीक हो र निजले सहि गरेको ठीक दुरुस्तछ भन्ने साक्षीको नाम थर वतन र सहिछाप,

आज्ञाले,

कृष्णबम मल्ल,

श्री ५ को सरकारको सचिव,

उ. वा. मन्त्रालय

५१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।